अनुमानित उत्पादन

छ वर्ष पुगेको बोटमा औसतमा प्रति वर्ष ५ के.जी.का दरले टिमुर उत्पादन हुन्छ, जति प्रतिहेक्टरमा ५०००-६००० के.जी. प्रति वर्ष औसत उत्पादन हुन्छ। ताजा फलको सुकेको तौलको अनुपात ३:१ के.जी. हुन्छ। टिमुरका बोटमा बैशाख- जेठमा फूल फुल्दछन् र वर्षौ सम्म नियमित रुपमा फल उत्पादन भइरहन्छ। परिपक्व बोटको उत्पादकत्व अझ बढी हुन्छ। पूर्ण नमच्छ बोट (३०-३५ वर्ष पुरानो बाट) प्रति मौसम ३५ केजीसम्म टिमुर उत्पादन भएको देखिएको छ। चैत-बैशाखमा आउने असिना, हावा-हुरीले गर्दा फूलहरु झरेर फलको उत्पादन केही घट्नसक्छ, तर सामान्य असिना पानीले खासै असर गरेको देखिदैन

व्यक्तिगत सुरक्षाहरु

संकलन, भण्डारण, प्रशोधन कार्यमा संलग्न व्यक्तिहरुले आफ्ना हातखुट्टा र लुगा साबुन पानीले राम्ररी धोएर सफा गरेको हुनुपर्दछ। मास्क र पन्जा लगाउनुपर्दछ। कसैको खुला घाउ वा कुनै सरुवा रोग लागेको छ भने त्यस्तो व्यक्तिले संकलित सामग्री छुनुहुँदैन।

अभिलेखीकरण तथा अनुगमन

उत्पादनको गुणस्तरमा प्रभाव पार्न सक्ने सम्पूर्ण प्रक्रियाको अभिलेख राख्न कृषकको डायरीमा खेतीका विभिन्न चरण तयार पारिएको संकलन गरि सम्मको सम्पूर्ण विवरण दिनुपर्दछ। प्रयोग भएका रासायनिक विषादीको नाम, किसिम, मात्रा, प्रक्रिया, समय र प्रयोग गरिएको रेकर्ड राख्नु पर्दछ। टिमुरको बोट हुर्कदादेखि संकलन गर्दासम्मका विशेष परिस्थिति जस्तै अतिवृष्टी, अनावृष्टि, असाधारण गर्मी वा जाडो, रासायनिक मल, कीरा-फट्याङ्ग्रा आदिको प्रकोप जस्ता घटनाहरुले प्राकृतिक रुपमा पाइने रसायनहरुको गुणस्तर तथा मात्रामा असर पार्न सक्छ। यी घटनाहरुको पनि अभिलेख राख्नु पर्दछ। रेकर्डमा ब्याच नम्बर, प्रत्येक ब्याचको संकलन विवरण, उत्पादन भित्रिएको र बाहिरिएको मिति, उत्पादनको नाम, परिमाण इत्यादि अभिलेखीकरण गर्नुपर्दछ।

१४. प्रति हेक्टरमा टिमुर खेतीको लागत लाभ तालिका (Basnet 2007) बाट

क्र.सं.	विवरण	परिमाण	श्रम (व्यक्ति दिन)	दर (रु.)	रकम (रु)
१	बेर्ना उमार्ने	११०० बेर्ना		१०	११०००
२	खाल्डो निर्माण	११००	७५	३००	२२५००
३	कम्पोस्ट मल	५ टन		३०००	१५०००
४	माटोमा मल मिसाउने र बेर्ना सार्ने	५०	३००	१५०००	
५	सिंचाई र गोडमेल	३०	३००	९०००	
६	अन्य			८०००	
७	बिरुवा हेरचाह तथा व्यवस्थापन (४ वर्ष)			१००००	
८	बाली भित्र्याउने तथा भण्डारण	५०	३००	१५०००	
	कुल लागत:			१०५,५००	
९	उत्पादन टिमुरको सुकेको दाना	३००० केजी)			
१०	कुल आम्दानी	३००० केजी	१००	३०००००	
११	खेतीको ३ वर्षपछि हरेक वर्ष हुने खुदआम्दानी			१९४५००	

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वनस्पति विभाग
थापाथली, काठमाडौं
२०७३

टिमुरको असल खेती तथा संकलन अभ्यास

वनस्पति पहिचान

वैज्ञानिक नाम: ज्यान्थोजाइलम आर्माटम *(Zanthoxylum armatum DC)*
परिवार: रुटासी *(Rutaceae)* अंग्रेजी नाम: नेपाली पेप्पर, टुथेक ट्री, पिक्ली आश
स्थानीय नाम: टिमुर , तम्बु (संस्कृत) प्रुमो -गुरुङ, तामाङ। तेज बल (हिन्दी)। उम्पुर (चेपाङ) तिर्कने -दनुवार। सुइरेकुन -लेप्चा। मिहिम्बा थारेकपा (लिम्बु, तेजु, तिमु (नेवारी)। आयेक्या, खाप्चन, खोकचिप्पा,तेर्कने (राई) येर्मा, येर माङ -शेर्पा), सेकेन (सुनुवार)।
व्यापारिक नाम: टिमुर
प्रयोग गर्ने भाग: फल, बिउ, बोक्रा र पात



औषधीय प्रयोग

बिउ र फल वायुनाशक, पेट दुखेको कम गर्न, खोकी, पिसाब गराउन, ज्वरो घटाउनका साथै दाँतको समस्या र लुतोमा प्रयोग गरिन्छ। फल तथा दाँत दुखेको, पेटको वायु नाश गर्न प्रयोग हुन्छ। पाकेका फल र बोक्रा ज्वरो, खोकी, अपच, हैजा, कब्जियत, पेटको जुका मार्न प्रयोग गरिन्छ, भने काँचो फलको लेदो कुटेको वा ३/४ लागेको आँखामा प्रयोग गरिन्छ। टिमुरको काठ दही हुन्छ। देवीको लट्ठी र बुट्टा बनाउन पनि प्रयोग हुन्छ। प्रयोग गरिने भाग: फल,बिउ, बोक्रा र पात

आयुर्वेदिक औषधि

[illegible], लवणभास्कर चूर्ण आदि टिमुरबाट बनेका प्रचलित आयुर्वेदिक औषधिहरु हुन्।

औषधीय गुण

टिमुरका बिउ र फलहरूमा लिनालुलको मात्रा प्रशस्त हुन्छ, जुन ज्वरो-थोप, दुखाइ, सुन्निएको, बाउँडिने र एलर्जीको उपचारमा प्रभावकारी हुन्छ। टिमुरको बोक्राबाट निकालिएको मेथानोलीय सारतत्व लिउकोट्रीन मालपेरीय सञ्चलनलाई बढ्नबाट रोकी मात्रामा प्रतिरोध गर्दछ। टिमुर फलको इथानोलीय सारतत्व ग्राम पोजिटिभ ब्याक्टेरिया विरुद्ध प्रतिक्रियाशील देखिन्छ भने ग्राम नेगेटिभ ब्याक्टेरिया विरुद्ध कुनै प्रतिक्रिया जनाउँदैन।

प्राकृतिक वासस्थान

यो प्रजाति उष्णदेखि समशीतोष्ण उपत्यकाहरूमा हिमालयपर्वत भूभागको (काश्मिरदेखि भुटानसम्म), नेपाल उत्तरपूर्वी भारत, चीन, ताइवान र फिलिपिन्स आदि देशहरूमा पाइन्छ। नेपालमा टिमुर ७०० देखि २५०० मि.समुद्र सतह उचाई भएका स्थानहरुमा पश्चिमदेखि पूर्वसम्म फैलिएको पाइन्छ।

पारिस्थितिकीय विशेषता

यो प्रजाति उष्णदेखि समशीतोष्ण पर्वतीय क्षेत्रहरुमा सामान्यतया फलाँट, चुत्रो, ऐंसेलु, बयर, कोरिनेईक र काफल जातका वनस्पतिहरु बढी हुने उत्तरपूर्व फर्केको भिरालो जमिनमा पाइन्छ। नहिरो खसेको भएको ओसिलो माटो तथा ३० वर्षे भन्दा बढी नाघिएको भिरालो जग्गा, खर्क-बुट्यान क्षेत्र, प्राकृतिक वन तथा बाटो जस्ता टिमुरको लागि उपयुक्त वासस्थान हो।

प्रमुख उत्पादन क्षेत्रहरु

मध्यपश्चिम नेपालका राप्ती उपत्यकाको रोल्पा, सल्यान, प्युठान, रुकुम जिल्लाहरु उच्च गुणस्तरको टिमुर उत्पादनमा प्रसिद्ध छन्। साथै,बाग्लुङ, बैतडी, अछाम, बाजुरा, बाँके, भक्तपुर, भोजपुर, डडेल्धुरा, दैलेख, दाङ, धनकुटा, डोल्पा, डोटी, गोरखा, हुम्ला, कालिकोट, कास्की, काठमाडौं काभ्रेपलाञ्चोक , ललितपुर, मकवानपुर, मनाङ, मुगु, मुस्ताङ, म्याग्दी, नुवाकोट, ओखलढुंगा, पाल्पा, पाँचथर, पर्वत, रसुवा, रोल्पा, सल्यान, सिन्धुपाल्चोक, सोलुखुम्बु, सुर्खेत, स्याङ्जा, ताप्लेजुङलगायत धेरै जिल्लामा टिमुरको उल्लेख्य मात्रामा उत्पादन हुन्छ।

Distribution of Zanthoxylum armatum in Nepal

स्रोत: ESON, 2009